# अँधेरीखोल्सी सामुदायिक वन उपभोक्ता समूह

मध्यविन्दु नगरपालिका १०, चरिकुन, नवलपरासी (व. सू. पू.)

## बोलपत्रद्वारा काठ दाउरा लिलाम बिक्रीको सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/०९)**

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार आ.व. २०८२/०८३ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको गोलिया काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । **प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नवीकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत तथा अद्यावधिक भएका काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरि दर्ता भएका उद्योगले** यो सूचना **सौर्य** राष्ट्रिय दैनिक पत्रिकामा **प्रथम** पटक प्रकाशित भएको मितिले **२१** दिन भित्र बोलपत्र खरिद गरी **२२** औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपुर तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपशिल</u>

१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण:

| सिं न | लट न | जात | किसिम | ग्रेड | थान | परिमाण( क्यु.फि.) | न्युनतम मुल्य (प्रति ईकाइ) रु. | मुल्यांकन रकम रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | गोलिया | A | १६ | २८४.१८ | १२५० | ३५५२२५ | संकलन खर्च प्रति क्यू.फि. रु १३६.४० का दरले थप लाग्नेछ । | |
| | | | | B | १८ | १७३.५९ | ९०० | १५६२३१ | | |
| | | | | C | २२ | १०४.१२ | ६०० | ६२४७२ | | |
| | | **जम्मा** | | | **५६** | **५६१.८९** | | **५७३९२८** | | |
| २ | २ | साल | गोलिया | A | ८ | १४०.९ | १२५० | १७६१२५ | संकलन खर्च प्रति क्यू.फि. रु १३६.४० का दरले थप लाग्नेछ । | |
| | | | | B | २१ | २४०.२१ | ९०० | २१६१८९ | | |
| | | | | C | ३९ | २१४.९३ | ६०० | १२८९५८ | | |
| | | **जम्मा** | | | **६८** | **५९६.०४** | | **५२१२७२** | | |
| ३ | ३ | साल | गोलिया | A | १४ | २३७.९३ | १२५० | २९७४१२.५ | संकलन खर्च प्रति क्यू.फि. रु १३६.४० का दरले थप लाग्नेछ । | |
| | | | | B | २१ | २१४.१९ | ९०० | १९२७७१ | | |
| | | | | C | २१ | १०८.३३ | ६०० | ६४९९८ | | |
| | | **जम्मा** | | | **५६** | **५६०.४५** | | **५५५१८२** | | |
| ४ | ४ | साल | गोलिया | A | ८ | १४३.८२ | १२५० | १७९७७५ | संकलन खर्च प्रति क्यू.फि. रु १३६.४० का दरले थप लाग्नेछ । | |
| | | | | B | १२ | १३६.३७ | ९०० | १२२७३३ | | |
| | | | | C | ४८ | २२३.५२ | ६०० | १३४११२ | | |
| | | | | D | ५ | ९.८५ | ३०० | २९५५ | | |
| | | **जम्मा** | | | **७३** | **५१३.५६** | | **४३९५७५** | | |
| ५ | ५ | साल | गोलिया | A | १६ | २८८.६६ | १२५० | ३६०८२५ | संकलन खर्च प्रति क्यू.फि. रु १३६.४० का दरले थप लाग्नेछ । | |
| | | | | B | १४ | १४४.१३ | ९०० | १२९७१७ | | |
| | | | | C | ११ | ७२.४५ | ६०० | ४३४७० | | |
| | | **जम्मा** | | | **४१** | **५०५.२४** | | **५३४०१२** | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ९ | साल | गोलिया | A | १४ | २६९.३७ | १२५० | ३३६७१२.५ | संकलन खर्च प्रति क्यू.फि. रु १३६.४० का दरले थप लाग्नेछ । | |
| | | | | B | १० | ९४.८६ | ९०० | ८५३७४ | | |
| | | | | C | १४ | ७२.९६ | ६०० | ४३७७६ | | |
| | | **जम्मा** | | | ३८ | ४३७.१९ | | ४६५८६३ | | |
| ७ | १० | **साल दाउरा चट्टा** | | | | ४.५ | १२००० | ५४००० | संकलन खर्च प्रति चट्टा रु १२५०० का दरले थप लाग्नेछ । | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने **अन्तिम मिति : २०८२/१२/२९** गते, **समय :** कार्यालय समय भित्र सम्म ।

ख) बोलपत्र दाखिला गर्ने **अन्तिम मिति : २०८२/१२/३०** गते, **समय :** कार्यालय समय भित्र सम्म ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको **नेपाल बैक लिमिटेड, अरुणखोला** शाखा स्थित खाता नं. **१३८००१०७१५०९९३००००००१** मा नगद जम्मा गरेको सक्कलै भौचर वा छ महिना अवधिको बैक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

४. बोलपत्रको लागि प्रत्येक लटका लागि रु.१,०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक **फर्म/उद्योग**का प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण तथा अद्यावधिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८३/०१/०३** गते दिनको **२:००** बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैचालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।